आज मिति २०७४ साल भाद्र ३० गतेका दिन यस मैवाखोला गाउँपालिकाका वडा अध्यक्ष श्री विष्णु प्रसाद नेयोङ ज्यूको अध्यक्षतामा वसेको गाउँसभाको वैठकले निम्न प्रस्तावहरुमाथि व्यापक छलफल गरि निम्न निर्णयहरु पारित गरियो ।

उपस्थिति

| सि.न. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | विष्णुप्रसाद नेयोङ | वडाध्यक्ष/सभा अध्यक्ष | |
| २ | राजन कुमार थत्लुङ | गापा अध्यक्ष | |
| ३ | कौशिला थक्लुङ | गापा उपाध्यक्ष | |
| ४ | दुर्गा प्रसाद तामाङ | वडाध्यक्ष | |
| ५ | सुरेन्द्र लिम्बू | वडाध्यक्ष | |
| ६ | थर्क कुमार चोङवाङ | वडाध्यक्ष | |
| ७ | पूर्णहाङ लिम्बू | वडाध्यक्ष | |
| ८ | कूलप्रसाद लिम्बू | वडाध्यक्ष | |
| ९ | ~~राम कुमार वि.क.~~ | सदस्य | |
| १० | यामनाथ भट्टराई | सदस्य | |
| ११ | देउकुमार मास्वा | सदस्य | |
| १२ | फूलमता कामी | सदस्य | |
| १३ | दानुपु शेर्पा | सदस्य | |
| १४ | सविन वनेम | सदस्य | |
| १५ | डोमा शेर्पा | सदस्य | |
| १६ | देविमाया नेपाली | सदस्य | |
| १७ | कमले तामाङ | सदस्य | |
| १८ | मिङमा शेर्पा | सदस्य | |
| १९ | दीलकुमारी कार्की डोली | सदस्य | |
| २० | राम कुमारी लिम्बू | सदस्य | |
| २१ | गोपाल लिम्बू | सदस्य | |
| २२ | मिङमा छोक्टु शेर्पा | सदस्य | |
| २३ | पवित्रा तामाङ | सदस्य | |
| २४ | प्रमिला वि.क. | सदस्य | |
| २५ | शन्त बहादुर लिम्बू | सदस्य | |
| २६ | पासाङ शेर्पा | सदस्य | |
| २७ | सोमादेवि लिम्बू | सदस्य | |

| | | | |
|---|---|---|---|
| २८ | आईतरानी वि.क. | सदस्य | |
| २९ | पासाङ गन्बु शेर्पा | सदस्य | |
| ३० | टीकाराम थोप्रा | सदस्य | |
| ३१ | सूकमाया लिम्बू | सदस्य | |
| ३२ | रगुमाया वि.क. | सदस्य | |
| ३३ | मिण्डु शेर्पा | सदस्य | |
| ३४ | रामकुमार वि.क. | सदस्य | |
| ३५ | प्रविनहाङ योङहाङ | सदस्य सचिव | |

अन्य उपस्थिति

१. दुर्गा बहादुर पन्दाक – गापा कार्यालय नासु

२. विनोद कुमार मण्डल– गापा कार्यालय लेखापाल

३. डोलेश्वर निरौला– का .स.

४. त्रीलोचन गौतम – का.स.

प्रशताव नं. १  नीति तथा कार्यक्रम सम्बन्धमा ।

निर्णय नं. १

यस गाँउपालिकाको प्रथम ऐतिहासिक गाँउसभाले यस गाँउपालिकाको निम्न बमोजिमको आ.व. २०७४/७५ को  ऐतिहासिक नीति तथा कार्यक्रम सर्वसहमतिले पारित गर्ने निर्णय गरियो ।

क्षेत्रगत नीति तथा कार्यक्रमहरु

**बजेट तथा स्रोत परिचालन तथा स्रोतहरुको पहिचान सम्बन्धी**

१) गाउपालिका क्षेत्रमा करको दायरालाई फराकिलो पार्न यस क्षेत्रमा पाइने सम्पुर्ण स्रोत साधनलाई करको दायरामा ल्याइने छ  ।

२) यस वर्ष कर तिर्ने बानीको विकास गर्न आवश्यक कार्यक्रमहरु ल्याइनेछ ।

**कृषि विकास सम्बन्धी**

१) निर्वाहमुखी कृषि प्रणाली लाई निर्यातमुखी बनाई जनताको जीवनस्तर उकास्न विशेष पहल गरिनेछ ।

२) खाद्य असुरक्षाको अध्ययन गरी प्रत्येक नागरिकलाई खाद्य सम्प्रभुताको प्रत्याभुति दिलाइने छ ।

३) कृषिमा आधुनिकीकरण गर्न आवश्यक प्राविधिकको व्यवस्था गरी जनताको घरदैलोमा सेवाको प्रत्याभुति दिलाईनेछ ।

४) यस क्षेत्रमा अत्यधिक हुने अलैंची बालीलाई विशेष प्राथमिकता राख्दै  पकेट क्षेत्रमा अलैंची सम्बन्धी पाठशाला कार्यान्वयन गरिनेछ ।

५) अलैंचीमा लाग्ने रोग र अलैंची बगान व्यवस्थापन सम्बन्धी तालिम प्रदान गर्न पाखीबास तथा फिक्कल अलैंची अनुसन्धान केन्द्रसँग आवश्यक समन्वय गरिनेछ ।

६) नगदेवाली जस्तै सुन्तला, कागती, नास्पातीको प्रवर्द्धन गर्न वीउमा अनुदान दिई उन्नत विउ वितरण गरिनेछ ।

७) कृषि विकास रणनीति तय गरि युवा लक्षित स्वरोजगार अन्तर्गत युवाहरुलाई कृषि मार्फत रोजगारीको प्रत्याभुत गरिनेछ ।

८) आधुनिक व्यवसायिक खेती प्रवर्द्धन गर्न नमुना खेती गरी प्रदर्शनको वातावरण तयार गरिनेछ ।

९) अकबरे खेतीलाई विशेष प्रवर्द्धन गरी अर्गानिक उत्पादनमा जोड दिई बजार व्यवस्थापन गर्न विशेष पहल गरिनेछ ।

१०)  चिया खेतीको सम्भावना यसै वर्ष  अध्ययन गराईनेछ ।

११) फलफूत तथा आलु भण्डारणको लागि शित भण्डारको निमार्ण गर्नका लागि यस गाउँपालिकामा कार्यरत संघ संस्था तथा केन्द्र र प्रदेश सरकार समक्ष आवश्यक पहल गरिनेछ ।

१२) तरकारी, च्याउ तथा मौरीमालन व्यवसायलाई वेरोजगार युवाहरुमा लक्षित गरी स्वरोजगार वनाउन नीजि तथा व्यक्तिगत तवरमा विशेष सहयोग प्रदान गरिनेछ ।

१३) जैविक मल तथा विषदी उत्पादन गर्न तालिम तथा भकारो सुधारको लागि अनुदानको व्यवस्था गरिनेछ ।

१४) खेतीयोग्य जमिन बाँझो राखेमा प्रतिरोपनी रु २ का दरले जरिवाना लगाइने नीति लिइनेछ ।

**पशुपन्छी विकास सम्बन्धी**

१) कृतिम गर्भाधान प्रविधिमार्फत जनताको गोठमा कम शुल्कमा उन्नत जातको पशु पुर्याउन यसै वर्षदेखि कार्य प्रारम्भ गरिनेछ ।

२) उन्नत घाँसको विरुवा उत्पादन तथा तालिमको व्यवस्था गरी पोषिलो आहारको प्रवर्द्धन गरिनेछ ।

३) व्यवसायिक पंक्षिपालनलाई प्रोत्साहन तथा प्राथमिकता दिइनेछ ।

४) व्यवसायिक दुग्ध उत्पादनलाई जोड दिदैं आगामि वर्षमा चिस्यान केन्द्र स्थापना गर्न विशेष पहल गरिनेछ ।

५) मासु उत्पादनमा आत्मनिर्भर बनाउन व्यवसायिक बंगुर पालन, बाखापालन लाई जोड दिइनेछ ।

६) गाँउपालिकाको विभिन्न स्थानमा आधुनिक वधशाला निर्माण गरिनेछ ।

७) गाँउपालिकामा एक पशु भेटनरी तथा कृषि एग्रोभेट स्थापना गर्न विशेष पहल गरिनेछ ।

८) पशुपंक्षीमा लाग्ने रोगको रोकथाम तथा नियन्त्रणको लागि खोप, अन्य आवश्यक औषधीको व्यवस्था गरिनेछ ।

९) गाउँपालिकामा आवश्यक दक्ष जनशक्ति व्यवस्था गरिनेछ साथै आँउदो वर्षमा दक्ष जनशक्ति उत्पादन गर्न आवश्यक छात्रवृत्तिको व्यवस्था गरि जनशत्तिको परीपुर्ति गरिनेछ ।

**नागरिकको आय आर्जन सम्बन्धी**

१) स्वरोजगार कार्यकमलाई प्रोत्साहन गरि स्थानीय उद्यमशिलतालाई जोड दिने कार्यक्रमहरुलाई मुख्य प्राथमिकतामा राखिनेछ ।

२) बेरोगार युवा तथा महिलाहरुलाई घरेलु उद्योग स्थापना गर्न विभिन्न तालिम दिई जीवनस्तरमा सुधार ल्याईनेछ ।

३) स्थानीय कच्चा पदार्थ प्रयोग हुने घरेलु उद्योगहरुलाई विशेष प्राथमिकता प्रदान गरि विकास गरिनेछ

**शिक्षा सम्बन्धी नीति**

१) योग्य र वरिष्ठ शिक्षकलाई नेतृत्व सुम्पिएर विद्यालय प्रशासन तथा व्यवस्थापनलाई चुस्त दुरुस्त वनाउन यसै वर्षदेखि प्रअ सँग कार्यसम्पादन सम्झौता गरि आगामि वर्ष प्र अ मिलान कार्य गरिनेछ ।

२) बालमैत्री शैक्षिक वातावरण कायम गर्न सम्बन्धित स्थानीय तह शैक्षिक सरोकारवालासँग सँयूक्त योजना सहित सहकार्य र समन्वयको नीति लिईनेछ ।

३) सन्चालनमा रहेका विद्यालयलाई जनसंख्या, भौगोलिक नक्सांकन, शिक्षक विद्यार्थी अनुपात, तथा स्थानीय सन्दर्भलाई अध्ययन विश्लेषण गरी स्तरबृद्धि तथा गाभ्ने नीति अवलम्बन गरिनेछ ।

४) शिक्षा नियमावलीका आधारमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, गाउँ शिक्षा समितिको गठन गरी शैक्षिक विकासका कार्यक्रमहरुको कार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

५) विद्यालयलाई प्रदान गरिने विभिन्न अनुदान रकमहरुलाई लक्षित वर्ग सम्म पुर्याउन आर्थिक पारदर्शिताको नीति अवलम्बन गरिनेछ र विद्यालयको सामाजिक परिक्षणलाई अनिवार्य र पैभावकारी बनाई कार्यन्वयन गरिनेछ ।

६) विद्यालय, वि.व्य.स. अभिभावक, स्थानीय तह तथा विभिन्न संघ संस्थाहरुको सहकार्य र समन्वयमा विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालवालिकाहरुको पहिचान गरी उनीहरुलाई औपचारिक शिक्षाको मुल प्रवाहमा समेट्न विभिन्न खालका सिर्जनात्मक र रचनात्मक कार्यक्रमहरु सन्चालन गरिनेछ ।

७) अनुमति प्रदान गरिएका विद्यालयहरुमा आवश्यक दरबन्दी प्रदान गर्न पहल गरिनेछ । शिक्षकहरुलाई प्रचलित शिक्षा ऐन, नियमावली तथा कार्यविधिको सारभुत प्रावधानको मर्म विपरीत प्रतिकुल असर नपर्ने गरी मैवाखोला गाउँपालिका क्षेत्र भित्रका विद्यालयहरुमा आवश्यकता निर्धारण गरि विभिन्न विद्यालयहरुमा कामकाजमा खटाउन सक्नेछ ।

८) आउदो पाँच वर्ष भित्र सबै विद्यालयमा IT पुर्वाधार पुर्याउने लक्ष्य बमोजिम यसै वर्ष भित्र आधारभुत विद्यालयय (८) सम्म चलेका विद्यालयमा ईन्टरनेटको पहुँच पुर्याइनेछ ।

९) विद्यालयमा कार्यरत शिक्षकहरुको अन्तर स्थानीय निकाय सरुवा हुदाँ शैक्षिक वर्षको पहिलो ३ महिना मात्र अनुमति प्रदान गर्ने नीति अवलम्बन गरिनेछ ।

१२) विद्यालयमा कार्यारत शिक्षकलाई प्रोत्साहन गर्न आगामी वर्षमा शिक्षा दिवसको दिन विभिन्न विधामा पुररुस्कारको व्यवस्था गरिनेछ । जसको विस्तृत कार्यविधि पछि गाँउकार्यपालिका द्वारा निर्माण गरिनेछ ।

## खेलकुद सम्बन्धी नीति

१) यस गाँउपालिकामा एक रंगशाला स्थापना गर्न यसै वर्षभित्र जग्गा प्राप्ति गरी रंगशाला स्थापना गर्न पहल गरिनेछ ।

२) खेल क्षेत्रलाई प्रोत्साहन गर्न यस गाँउपालिकामा भएका राम्रा खेलाडीलाई राष्ट्रिय खेल संस्थासँग आवद्ध गर्न विशेष पहल गरिनेछ ।

३) राम्रा खेलाडी उत्पादन गर्न विभिन्न खेलकुद कार्यकम तथा प्रशिक्षण शिविर सञ्चालन गरिनेछ ।

४) विद्यालय स्तरीय सप्ताहव्यापी अतिरिक्त कियाकलाप सन्चालन गरिनेछ ।

विज्ञान तथा प्रविधि सम्बन्धी नीतिः

१) गाँउपालिकाको वेबसाईट तथा फेसबुक पेज यथाशीघ्र तयार गरी सुचनाको हकको प्रत्याभुति प्रदान गरिनेछ ।

२) गाँउपालिकाकोमहलमा गाउँपालिका र प्रत्येक वडाहरुको वस्तुगत विवरण प्रोफाइल तयार गर्न लगाई पुस्तक प्रकाशन गरिनेछ ।

३) विकास निर्माण तथा अन्य विविध गाँउपालिकाको गतिविधिहरुलाई रेडियो मार्फत प्रसार प्रसार एवं जानकारी गराईनेछ ।

४) टेलिफोन तथा ईन्टरनेट सेवाको पहुँच र गुणस्तर अभिबृद्धिका लागि आवश्यक पूर्वाधार निर्माण गर्न नेपाल टेलिकम, एनसेल तथा अन्य प्राइभेट कम्पनीहरुमा विषेश पहल गरिनेछ ।

५) अभिलेख व्यवस्थापनमा अविनतम सुचना प्रविधिको प्रयोग गरिनेछ ।

६) गाँउपालिकाभित्रका करका प्रणाली चुस्त, दुरुस्त र पारदर्शी बनाउन ईन्टरनेटमा आधारित सफ्टवेयर प्रयोग गरिनेछ ।

७) आउँदो वर्षबाट FM सञ्चालन गर्न यसै वर्ष देखि संचार सम्बन्धी तालिम प्रदान गरिनेछ ।

स्वास्थ्य तथा जनसंख्या सम्बन्धी नीति

१) यस गाँउपालिकाभित्र रहेका स्वास्थ्य संस्थामा आवश्यक न्युनतम दरबन्दी पुर्ती गर्न विशेष पहल गरिनेछ ।

२) यस गाँउपालिकाभित्र रहेका सम्पर्ण स्वास्थ्य संस्थामा यहीं वर्षभित्र वर्थिङ सेन्टर स्थापना गरिनेछ ।

३) यस मैवाखोला गाँउपालिका भित्र रहेका सवै स्वास्थ्य संस्थामा आवश्यक न्युनतम पुर्वाधार यसै वर्षभित्र पुर्याइनेछ ।

४) यसै वर्षभित्र साँघु स्वास्थ्य चौकी र आउदो वर्षमा फाकुम्वा स्वास्थ्य चौकीमा ल्याव सेवा सुचारु गरिनेछ ।

५) यस गाँउपालिकामा रहेका महिला स्वास्थ्य संयमसेविका, महिला स्वास्थ्य कार्यकर्ता तथा स्वास्थ्यकर्मीहरुको क्षमता विकास सम्बन्धी आवश्यक तालिमको लागि सरोकारवाला निकायसँग पहल गरिनेछ ।

६) यस गाँउपालिका अन्तरगत रहेका सबै स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिको पूर्ण अनुगमन गरी दरवन्दीमा रहेका कर्मचारीलाई अन्यत्र काजमा राख्ने नीतिलाई निरुस्साहित गरिनेछ ।

७) यस गाँउपालिकालाई पूर्ण सरसफई तथा पूर्ण खोपयुक्त गाँउपालिका घोषणा गर्न आवश्यक पहल गरिनेछ ।

वडाहरु तर्फबाट देहायअनुसार हुनेछ :-

| क्र.स. | विवरण | प्रतिशत |
|---|---|---|
| १ | महिला | ५ |
| २ | बालबालिका | ५ |
| ३ | आदिबासी जनजाती /दलित / अपाङ्ग / ज्येष्ठ नागरिक | ७.५ |

**सरकारी तथा गैर सरकारी संघ संस्था सम्बन्धी नीतिः**

१) यस मैवाखोला गाउँपालिका क्षेत्रमा आफ्नो कार्यक्षेत्र बनाएका गैर सरकारी संघ संस्थाहरुलाई कार्यक्र सञ्चालन गर्न उक्त संघ संस्थाहरुको कार्यक्रम, बजेट, समय तालिका, कार्यक्रमको औचित्य, प्रभाव, अवसर लाभान्वित क्षेत्र समेतको विश्लेषण र मूल्याङ्कन गरेर मात्र राय सहित स्वीकृति दिईनेछ । साथै गाउ कार्यपालिकाको कार्यालयले प्रस्तावित कार्यक्रमको क्षेत्र परिवर्तन सक्नेछ र गाउँ कार्यपालिकाको कार्यालयम एक गैरसरकारी संघ संस्था अनुगमन ईकाइ गठन गरी अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ ।

**खानेपानी तथा सरसफाई सम्बन्धी नीति**

१) यस गाँउपालिकामा सञ्चालित पुर्व खानेपानी आयोजनाहरु प्राथमिकताका साथ सम्पन्न गरिनेछ ।

२) सुरक्षित खानेपानी व्यवस्थापनका लागि सहि मुल छनौट गरी बृहत खानेपानी परियोजना आवश्यकता अनुसार लागु गरिनेछ ।

३) खानेपानी क्षेत्रमा काम गर्ने सरकारी, गैर सरकारी तथा अन्य संघ संस्थासँग सहकार्य गरि खानेपानीको आवश्यक व्यवस्था गरिनेछ ।

४) यस गाँउपालिकालाई प्लाष्टिक मुक्त बनाउन आवश्यक कार्यक्रम गरिनेछ साथै नसड्ने फोहोर मैला व्यवस्थापन गर्न यसै वर्ष देखि डम्पिङ साइडको खोजी गरी जग्गा प्राप्ति गरिनेछ ।

**सडक तथा भौतिक योजना र पूर्वाधार विकास तथा वस्ती विकास, शहरी योजना र भवन निर्माण सम्बन्धी**

१) सबै वडाबाट गाँउपालिका केन्द्र आउने सडक नयाँ बनाइनेछ र भएका सडकको स्तरोन्नति गरिनेछ ।

२) यस गाँउपालिका भित्र गरिने सम्पुर्ण निर्माण कार्य प्राविधिक सम्भाव्यता र अध्ययन पछि मात्र सुरु गरिनेछ ।

३) गाँउपालिका भित्र रहेका आर्थिक, सामाजिक रुपले महत्वपुर्ण सडक प्राथमिकताका साथ स्तरउन्नती गरिनेछ र बाह्रै महिना यातायात सुचारु गर्ने वातावरण बनाइनेछ ।

४) सडक बनाउदाँ प्राविधिकको सल्लाह र अध्ययन पछि बनाइनेछ । सडक बनाउदाँ सडकमा पर्ने जग्गाको गाँउपालिकाले अनिवार्य अधिग्रहण गर्नेछ र यदि जग्गा धनीको परिवारको सम्पुर्ण जमिनको १० प्रतिशत भन्दा वढी जग्गा सडकको लागि अधिग्रहण गर्नुपर्ने भएमा अर्को आर्थिक वर्षमा क्षतिपूर्ति दिइननेछ । त्यसरी दिइने क्षतिपुर्तिको कार्यविधि पछि कार्यपालिकाद्धारा निमार्ण गरिनेछ ।

५) गाँउपालिकाले निर्माण गर्ने कुनै पनि संरचना निमार्ण गर्ने क्रममा कुनै पनि पक्षले निर्माण सामाग्री, संरचना क्षति गर्दा सो पक्षलाई क्षतिको अध्ययन गरी क्षतिपुर्ति अनिवार्य रुपले तिराइनेछ । क्षति निर्धारण सम्बन्धी विस्तृत कार्यविधि तथा निर्देशिका पछि गाउँकार्यपालिकाद्धारा निमार्ण गरिनेछ ।

६) यस गाँउपालिका भित्र रहेका ठाडो खोल्सा तथा आवश्यक स्थानमा ह्युम पाइप खरिद गरी बाह्रै महिना यातायात सुचारु रुपमा सञ्चालन गर्ने वातावरण तयार गरिनेछ ।

७) गाँउपालिका भरिका अतिक्रमित जग्गाहरु पूर्ण रुपमा गाउँपालिकाको मातहतमा ल्याई उपयोग नभएका सार्वजनिक जग्गाहरुको सम्भाव्यता अध्ययन गरी सोही अनुरुप योजना छनौट गरी आय आर्जनमा टेवा पुर्याउने नीति अवलम्बन गरिनेछ ।

८) भूकम्पको जोखिमलाइ मध्यनजर गरी नेपालसरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जारी गरेको वस्ती विकास शहरी योजना तथा भवन निमार्ण सम्बन्धी आधारभूत मार्गदर्शन, २०७२ लार्य सार्वजनिक तथा नीजि भवनहरुमा अनिवार्य रुपमा लागु गरिनेछ ।

९) भु कम्प प्रतिरोधी घर निमार्ण सम्बन्धी आधारभुत तालिमको व्यवस्था गाँउपालिकाले व्यवस्थापन गर्नेछ ।

१०) खाद्यन्न उत्पादन हुने स्थानहरुमा भवन निमार्ण कार्यलाई निरुत्साहित गर्ने आलका क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

११) प्रत्येक वडाको केन्द्र आसपास सहरी संरचना निमार्ण गर्न आवश्यक पहल गरी,नेछ ।

१२) मैवाखोला गाँउपालिकामा रहेका ग्रामीण सडक सञ्जाल, पुल  पुलेसा तथा अन्य भौतिक संरचनामा पर्ने व्यक्तिगत जग्गाहरुको लगत संकलन गरी कित्ताकाट गराउने नीति तर्जुमा र कार्यान्वयन गरिनेछ ।

## विद्युत् तथा ऊर्जा सम्बन्धी

१) यस गाँउपालिकाभित्र राष्ट्रिय प्रशारणको विद्युत् ल्याई उज्यालो गाँउपालिकाको सपना साकार गर्न यसै वर्ष भित्र आवश्यक प्रकृया बढाई यसै वर्षबाट अध्ययन सुरु गराईनेछ ।

२) हाल सञ्चालित साना जलविद्युत्को उर्जा व्यवसायिक रुपले उपयोग गर्ने नीति लिईनेछ ।

३) गाँउपालिका भरिका आयोजनाहरु संयुक्त अनुगमन पछि मात्र पारित गर्ने व्यवस्था गरिनेछ ।

४) पुर्वाधार विकासको अन्तिम भुक्तानी र जाँच पास हुनु भन्दा अगाडी सामाजिक लेखा परीक्षण तथा लेखा परिक्षण गरिनेछ ।

## वन वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धन सम्बन्धी नीतिः

१) दिगो वन व्यवस्थापन गरी वन क्षेत्रको उत्पादकत्व र वन पैदावरको उत्पादन र वन पैदावरको उत्पादनको वृद्धि गरिनेछ ।

२) जल तथा भूमिको संरक्षणको साथै भूमिको उत्पादकत्व वृद्धि गरी कृषि उत्पादन बढाउन सहयोग पुर्याउन जलाधार क्षेत्रको एकीकृत संरक्षण तथा व्यवस्थापन गरिनेछ ।

## संगठन संरचना, दरबन्दी र कार्यविवरण तथा सुशासन र सेवा प्रवाह सम्बन्धी नीति

१) सरकारी तथा गैरसरकारी संस्थाहरुको नीति, कार्यक्रम लगायत विविध विषयमा सुचना तथा जानकारी दिन यसै वर्ष IT पुर्वाधार सहित सुचना तथा अभिलेख केन्द्र स्थापना गरिनेछ ।

२) यस गाँउपालिकामा चाहिने जनशक्ति छनौट गर्दा समावेशी सिद्धान्तको आधारमा यसै गाउँपालिकाको जनतालाई उच्च प्राथमिकता दिइने नीति लिइनेछ ।

३) गाँउपालिका स्थित सार्वजनिक निकायहरुबाट सम्पादन हुने सेवा प्रवाह तथा काम कारवाहीको उचित मूल्याङ्कन गरी पुरस्कार तथा दण्डको व्यवस्था गरिनेछ ।

४) गाँउपालिका स्तरमा एकिकृत सेवा केन्द्रको अवधारणालाई सेवा प्रवाहमा जोड्न सकिने सम्भाव्यताको अध्ययन गरी उचित कार्यक्रम तय गरिनेछ ।

५) गाँउ .कार्यपालिका र वडा कार्यालयहरुको दरबन्दी संरचना संघीय सरकार र प्रादेशिक सरकारसँग संगठन र विकास सम्बन्धी आवश्यक समन्वय, परामर्श र साझेदारी गरी सोही अनुरुप पदपूर्ति, समायोजन, दरवन्दी सिर्जना, सरुवा, बढुवा तथा वृत्ति विकास प्रणाली लाई व्यवस्थित गरिनेछ ।

६) संघीय तथा प्रादेशिक सरकारको अनुदानमा प्राप्त हुने योजना, परियोजना तथा जिल्ला सपन्वय समितिबाट समायोजन भई आउने विभिन्न दरबन्दीका कर्मचारीहरुको यथोचित परिचालन गर्ने नीति अवलम्बन गर्नुका साथै उक्त पदहरुको कार्यबोझ, कार्यपद्दती र कर्मचारीहरुको आवश्यकता लगायतका विषयहरुको अध्ययन गरी दरबन्दी हेरफेर तथा कटौती गर्दै जाने र स्वर्णिम विदाई गर्ने सहितको मानव संसाधन व्यवस्थापन नीतिलाई अवलम्बन गरिनेछ ।

राजन कुमार शल्लाह
अध्यक्ष

आज मिति २०७४ साल असोज ३ गतेका दिन यस मैवाखोला गाउँपालिकाका अध्यक्ष श्री राजन कुमार थत्लुङ ज्यूको अध्यक्षतामा वसेको गाउँसभाको वैठकले निम्न प्रस्तावहरुमाथि व्यापक छलफल गरि निम्न निर्णयहरु पारित गरियो ।

उपस्थिति

| सि. न. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | राजन कुमार थत्लुङ | गापा अध्यक्ष | |
| २ | कौशिला थक्लुङ | गापा उपाध्यक्ष | |
| ३ | दुर्गा प्रसाद तामाङ | वडाध्यक्ष | |
| ४ | सुरेन्द्र लिम्बू | वडाध्यक्ष | |
| ५ | थर्क कुमार चोङवाङ | वडाध्यक्ष | |
| ६ | पूर्णहाङ लिम्बू | वडाध्यक्ष | |
| ७ | कूलप्रसाद लिम्बू | वडाध्यक्ष | |
| ८ | विष्णुप्रसाद नेयोङ | वडाध्यक्ष | |
| ९ | ~~राम कुमार वि.क.~~ धनमाया कन्दङवा | सदस्य | धनमाया |
| १० | यामनाथ भट्टराई | सदस्य | |
| ११ | देउकुमार मास्वा | सदस्य | |
| १२ | फूलमता कामी | सदस्य | फुलमता |
| १३ | दानुपु शेर्पा | सदस्य | |
| १४ | सविन वनेम | सदस्य | |
| १५ | डोमा शेर्पा | सदस्य | डोमा |
| १६ | देविमाया नेपाली | सदस्य | |
| १७ | कमले तामाङ | सदस्य | |
| १८ | मिङमा शेर्पा | सदस्य | |
| १९ | दीलकुमारी कार्की डोली | सदस्य | दिलकुमारी |
| २० | राम कुमारी लिम्बू | सदस्य | |
| २१ | गोपाल लिम्बू | सदस्य | |
| २२ | मिङमा छोक्टु शेर्पा | सदस्य | |
| २३ | पवित्रा तामाङ | सदस्य | |
| २४ | प्रमिला वि.क. | सदस्य | |
| २५ | शन्त बहादुर लिम्बू | सदस्य | |
| २६ | पासाङ शेर्पा | सदस्य | पासाङ |
| २७ | सोमादेवि लिम्बू | सदस्य | |

| | | | |
|---|---|---|---|
| २८ | आईतरानी वि.क. | सदस्य | आईत |
| २९ | पासाङ गन्बु शेर्पा | सदस्य | |
| ३० | टीकाराम थोप्रा | सदस्य | |
| ३१ | सूकमाया लिम्बू | सदस्य | सुखमायाँ |
| ३२ | रगुमाया वि.क. | सदस्य | रगुमाया |
| ३३ | मिण्डु शेर्पा | सदस्य | |
| ३४ | रामकुमार वि.क. | सदस्य | |
| ३५ | प्रविनहाङ योङहाङ | सदस्य सचिव | |

अन्य उपस्थिति

१. दुर्गा बहादुर पन्दाक – गापा कार्यालय नासु

२. विनोद कुमार मण्डल– गापा कार्यालय लेखापाल

३. मिलन कार्की :- प्रा.स.

४. बसन्त ब. खडायत– वडासचिव Khadayat

५. रुपनारायण यादव - ना.प्रा.छ.

६. लोकनाथ गिरी – वडासचिव

७. सुरेन्द्र राई – एकगाउँ एकप्राविधिक

८. सुशिला भट्टराई – " – "

९. वृषभ ब. खत्री - प्र.ना.नी

१०. भोजन मगर – प्र.अ.

११. सञ्जना पुलाई – स्वा.प.

१२. कल्पना कुमारि यादव

१३. डोलेश्वर तिरौला (का.स.)

१४. त्रिलोचन गौतम का.स.

प्रश्ताव नं. १ वार्षिक बजेट तथा कार्यक्रम सम्बन्धमा ।

प्रश्ताव नं. २ विनियोजन ऐन सम्बन्धमा ।

प्रश्ताव नं. ३ आर्थिक ऐन सम्बन्धमा ।

प्रश्ताव नं. ४ गाँउपालिकाको जग्गा सम्बन्धमा ।

प्रश्ताव नं. ५ गाँउ कार्यपालिकाको बैठकको निर्णय सम्बन्धमा ।

प्रश्ताव नं. ६ योजनाको कन्टिजेन्सि सम्बन्धमा ।

निर्णय नं. १

प्रश्ताव नं. १ माथि व्यापक छलफल गर्दा यस गाँउपालिकाको दोश्रो गाँउसभामा यस गाँउपालिकाको ३ नं. वडाध्यक्ष श्री थर्ककुमार चोङबाङ द्वारा निम्न बमोजिम प्रस्तुत गाँउपालिकाको आ. व. २०७४/७५ को वार्षिक बजेट तथा कार्यक्रम सर्वसहमतले पारित गर्ने निर्णय गरियो ।

यस मैवाखोला गाउँपालिकाको समुन्नत विकासका लागि गाउँपालिकाको आन्तरिक आय श्रोत,राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम,गत आ.व.बाट प्राप्त मौजुदा रकम, संघीय सरकार अनुदान -(नेपाल सरकार अनुदान) सशर्त अनुदान अपुग भएकाले श्रोत सुनिश्चितता समेतका आधारमा यसै आर्थिक वर्ष २०७४।०७५ मा संचालन हुने कार्यक्रमहरु तय गरिएकोछ ।

स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को अधिनमा रही नेपाल सरकारबाट प्राप्त समानीकरण अनुदान,सशर्त अनुदान,गाउँपालिकाले प्राप्त गर्ने राजश्व बाँडफाँडबाट प्राप्त हुने अनुमानित रकम, आन्तरिक श्रोतको अनुमानित रकम, संघीयता सवलीकरण अन्तर्गतको गत आ.व.बाट अल्या भइ आएको वित्तीय हस्तान्तरण शिर्षकको रकम समेतलाई आधार बनाइ तयार पारिएको बजेटको सारांसप्रस्तुत गर्न अनुमति चाहान्छु ।

आज म नेपाल सरकार ( संघीय सरकार) बाट प्राप्त मार्गदर्शन र बजेट तथा यस गाउँ पालिकाको गाउँसभाको प्रथम अधिवेशनले पारित गरेका विभिन्न योजना तथा कार्यक्रमको अधिनमा रही गाउँ सभामा कार्यपालिकाद्वारा पेश गरिएको जम्मा रु २०,१८,६०,७४७-को बजेट संक्षेपीकरण प्रस्तुत गदैछु ।

**वित्तीय समानीकरण अनुदान :**

वित्तीय समानीकरण अनुदान चालु आर्थिक वर्षका लागि निशर्त प्रकृतिको अनुदान भएकाले,तलब भत्ता र प्रशासनिक खर्च लगायतका हस्तान्तरण भएका कार्यक्रमहरुलाई समेत विचार गरी गाउँपालिका, वडा कार्यालयहरु तथा विषयगत शाखाको चालु तर्फको बजेट खर्च तर्फ २,७२,२०,४४५।- को बजेट प्रस्ताव गरिएकोछ ।

गाँउपालिका वडा तथा विषयगत शाखाले सञ्चालन गर्ने पूँजीगत कार्यक्रम तर्फ सशर्त र वित्तीय समानीकरण अन्तर्गत तपशिल बमोजिम बजेट रकम विनियोजन गरिएकोछ ।

**कृषि कार्यक्रम :**

प्रधानमन्त्री कृषि आधुनिकिकरण, आलु तरकारी मसला लगायतका कार्यक्रम, विशेष कृषि उत्पादन कार्यक्रम,कृषि प्रसार लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।

स्थानीय स्तरमा हुन सक्ने सम्भावित कृषि जन्य उत्पादनलाई प्रवर्द्धन गर्न वडागत रुपमा तथा गाउँपालिका स्तर र विषयगत शाखाबाट समेत कार्यान्वयन हुने गरी बजेटको व्यवस्था गरिएको छ । जसका लागि रु.३५,००,०००।- बजेट विनियोजन गरिएकोछ ।

**पशु सेवा कार्यक्रम :**

दूध फूल माछा मासु अण्डा जस्ता दैनिक उपभोग्य पशुजन्य खाद्य पदार्थहरुको बजार माग बढी रहेको अवस्थामा सो को मागलाई पुर्ति गर्दै निर्यात गर्ने वातावरण तयार गर्न पशु सेवा विकास कार्यक्रम,पशु स्वास्थ्य, रोग अन्वेषण र क्वारेन्टाइन सेवा कार्यक्रमको कार्यान्वयनको लागि बजेट विनियोजन गरिएकोछ ।

जसका लागि विषयगत शाखा, गाउँपालिका र वडा कार्यालयहरुले कार्यान्वयन गर्ने गरी रु.२४,२५,७५० ।- को बजेट विनियोजन गरिएकोछ ।

**वन सम्बन्धी कार्यक्रम :**

औषधीजन्य जडिबुटी उत्पादन गर्ने,गाउँपालिकालाई हराभरा बनाउने नीति अनुरुप जडिबुटी विकास कार्यक्रम, सामुदायिक तथा कबुलियती वन विकास, वृक्ष सुधार, वृक्षारोपण, निजी वन कार्यक्रमहरु संचालन गरिनेछ । जसका लागि विषयगत शाखा तर्फ रु. ३,००,०००।- को बजेट विनियोजन गरिएकोछ ।

**शिक्षा सम्बन्धी कार्यक्रम :**

विश्व व्यापीकरणबाट साँघुरिँदै गएको अहिलेको परिप्रक्ष्यमा यस गाउँपालिका भित्र देखिएको खस्कँदो शैक्षिक गुणस्तरलाई उकास्न आई सी टी सहितको शैक्षिक सूचना केन्द्रको स्थापना, विद्यालय क्षेत्रको विकास कार्यक्रमहरु संचालन गर्न बजेट विनियोजन गरिएकोछ । जसका लागि १६,००,०००।- रकम विनियोजन गरिएकोछ ।

**भू - संरक्षण सम्बन्धी कार्यक्रमहरु :**

उच्च प्राकृतिक प्रकोपका कारण विभिन्न समयमा ताप्लेजुङ्ग जिल्लामा यस जिल्लामा भएका क्षतिहरुलाई मध्यनजर गर्दै प्रकोपलाई कम गर्न प्रकोपलाई कम गर्न एकिकृत जलाधार व्यवस्थापन कार्ययोजना, सडक पाखा संरक्षण कार्यक्रम साथै पानीका मुहान संरक्षण गर्ने तथा पहिरो व्यवस्थापन गर्न आवश्यक बजेट विनियोजन गरिएकोछ ।जसका लागि १५,००,०००।- बजेट रकम विनियोजन गरिएकोछ ।

**सामाजिक क्षमता विकास कार्यक्रम:**

सामाजिक परिचालनलाई संस्थागत गर्न समूह गठन,अनुशिक्षण, अन्तकृया साथै सीप विकास कार्यक्रमहरु संचालन गर्न बजेटको व्यवस्था गरिएकोछ । जसका लागि महिला बालबालिका तथा समाज कल्याण शाखाबाट संचालन हुने गरि रु ५,००,०००। बजेट विनियोजन गरिएकोछ ।

**स्वास्थ्य संबन्धी कार्यक्रम :**

स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य शिक्षा सामाग्री वितरण, समुदायमा स्वास्थ्य सेवा प्रवर्द्धन गर्ने, औषधि खरिद गर्ने, प्रसुति सेवा कार्यक्रम, स्वास्थ्य संस्थामा आवश्यक सामाग्री, सुरक्षित मातृत्व, गाउँघर क्लिनिक, आमा सुरक्षा, एम्वुलेन्स खरीद लगायतका कार्यक्रमका लागि बजेट विनियोजन गरिएकोछ । स्वास्थ्य क्षेत्रलाई संवोधन गर्न लागि ४०,००,०००।- बजेट विनियोजन गरिएकोछ ।

**ग्रामिण खानेपानी तथा सरसफाई कार्यक्रम :**

यसै आ.व. ०७४। ०७५ मा गाउँपालिकामा खानेपानीको पहुँचबाट टाढा रहेका जनतालाई खानेपानीको सेवा उपलब्ध गराउन १५,००,०००।-बजेट विनियोजन गरिएकोछ ।

**घरेलु तथा साना उद्योग विकास कार्यक्रम तर्फ :**

यस गाँउपालिका वेरोजगार युवा, पछाडी परेका समुदाय, महिला आदि लक्षीत समुहलाई सिप प्रदान गरी रोजगारी सिर्जना गर्ने, आर्थिक समृद्धि हासिल गर्ने, राजश्व परिचालन गर्ने तथा घरेलु उद्योगको विकास गर्ने यस गाँउपालिकाको नीति वमोजिम सिपमुलक तालिम र आमा समुहद्धारा सञ्चालित कुटानी पिसानी मिलको मर्मतको लागि रु ३०,००,०००। रकम विनियोजन गरेको छु ।

**गाउँपालिकाको विशेष कोष संबन्धी कार्यक्रम :**

गाउँपालिकामा हुन सक्ने सम्भावित प्रकोप र त्यसबाट छुटकारा दिने तथा राहत वितरण समेतका लागि विपद् व्यवस्थापनकोषको स्थापना गरिएकोछ । जसका लागि ५,००,०००।- को बिउ कोषको रुपमा रहनेछ । साझेदारी कार्यक्रमहरु संचालन गर्न रु. १५,००,०००।- को समपूरक कोष -( म्याचिङ फण्ड) स्थापना गरिएकोछ । त्यसै गरी गाउँपालिका भित्रका भौतिकका पूर्वाधारहरु मर्मत गर्न बिउ कोषको रुपमा रु. ५,००,०००।-को कोष स्थापना गरिएकोछ । विषेश कोष अन्तर्गत समग्रमा रु. २५,००,०००।- को कोष खडा गरिएकोछ ।

**धार्मिक सांस्कृतिक मठ मन्दिर गुम्बा संबन्धी कार्यक्रम :**

गुम्वाहरुलाई प्रवद्धन गरी पर्यटकीय स्थलहरुको विकासका लागि समेत बजेट विनियोजन गरिएकोछ । जसकालागि समग्रमा ७,००,०००।- बजेट रकम विनियोजन गरिएकोछ ।

**खेलकुद संबन्धी कार्यक्रम :**

राष्ट्र विश्व माझ परिचित गराउने माध्यम खेलकुद पनि हो । वडा तथा गाउँपालिका स्तरबाटै कुशल खेलाडीहरुको उत्पादनका लागि विभिन्न खेलकुद कार्यक्रम संचालन तथा खेल मैदान निर्माण तथा विस्तार गर्न बजेट विनियोजन गरिएकोछ । जसमा खेल मैदान निर्माणका लागि रु. १५,००,०००।- र खेलकुद कार्यक्रम संचालनका लागि रु ८,००,०००।- गरि कुल रु. २३,००,०००।- बजेट विनियोजन गरिएकोछ ।

**उर्जा सम्बन्धी कार्यक्रम :**

उज्यालो मैवाखोला गाँउपालिकाको सपना सकार गर्न निकट भविष्यमा राष्ट्रिय प्रसारणको लाईन जडान गर्न यसै वर्ष विस्तृत परियोजना प्रस्ताव तयार गर्न रु ४,५०,०००। र लागत सहभागीताको लागि १० प्रतिशत रकम अनुमानित १,५०,००,०००। मध्ये यस वर्ष रु ५०,००,०००। विनियोजन गरिएको छ ।

**भवन निर्माण संबन्धी कार्यक्रम :**

गाउँपालिका कार्यालय भवन अपर्ययाप्तता भएको अवस्थामा जनताका दैनिक सेवाका कामहरु प्रभावित नहोउन र भन्नका खातिर आवश्यकता अनुसार भवन मर्मत तथा निर्माण गर्ने गरी बजेट रकम विनियोजन गरिएकोछ ।जसका लागि २०,००,०००।- बजेट विनियोजन प्रस्ताव गरिएकोछ । साथै गाँउपालिकाको भवन सुरक्षाको लागि ठेस गाह्रोको लागि रु ८,५३,१५२। बजेट विनियोजन गरिएकोछ ।

**विज्ञान तथा प्रविधि तर्फका कार्यकम**

यस गाँउपालिकामा कार्तिक पछि MIS इन्ट्री गर्ने लक्ष्य बमोजिम सबै वडामा तथा अन्य विषयगत कार्यालयमा इन्टरनेट जडानको लागि ३,५०,००० र पाश्व चित्र निमार्णको लागि ५,००,००० गरी जम्मा ८,५०,००० वजेट विनियोजन गरिएको छ ।

**सडक तर्फका कार्यक्रम :**

विकासको मूल मेरुदण्डको रुपमा रहेको मोटरबाटोले सबै वडा देखी गाउँपालिकाको केन्द्र सम्म सिधा सम्बन्ध स्थापित हुन नसकिरहेको अवस्थामा विभिन्न मोटरबाटो निर्माण तथा स्तरउन्नतीका लागि रु.२,९३,००,०००।- रकम विनियोजन गरिएकोछ ।

**अन्तर सरकारी वित्तीय हस्तान्तरण कार्यक्रम :**

स्थानीय तहको पुन संरचना पश्चात गाउँपालिकाको भौतिक पूर्वाधार व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राप्त हुन आएको रकम मध्ये ५१,६९,२६३।- खर्च भइ रु.४६,३०,७३७ रकम अल्या प्राप्त हुन आएकोमा ३९,२६३। वित्तीय समानीकरण अन्तर्गतको पूँजीगत कार्यक्रम बाट थप गरी जम्मा रकम रु ४८,७०,०००।- व्यवस्थापन प्रयोजनका लागि अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गतका उपशिर्षक बमोजिम खर्च हुने निर्णय गरिएकोछ ।

**चालु बजेट खर्च :**

गाउँपालिका अन्तर्गतका कर्मचारीहरुको तलब भत्ता,विजुली तथा संचार महसुल,घर भाडा अनुगमन मूल्यांकन आदि प्रयोजनका लागि रु २,७२,२०,४४५। खर्च हुने देखिएकोछ ।जसका लागि बजेटको व्यवस्था गरिएकोछ । स्वास्थ्य शाखा अन्तर्गतको सशर्त अनुदान चालू प्रकृतिको अनुदान भएकाले शिर्षक रकमान्तर गरी विनियोजन गर्न सकिदैंन । त्यस्तै पशु तथा कृषि सेवा तर्फका सशर्त अनुदान समेतको व्यवस्था शाखाबाट प्राप्त बजेट बमोजिम नै व्यवस्था गरिएको जानकारी गराउन चाहान्छु । एक गाउँ एक कृषि प्राविधिक तर्फ ६,४०,०००। तलब शिर्षकमा बजेटको व्यवस्था गरेको छु । त्यस्तै पशु सेवा विकास करार तर्फ रु २,९६,०००।- बजेट व्यवस्था गरेकोछु । शिक्षा शाखा तर्फ आइसीटी सहितको शैक्षिक सूचना केन्द्र स्थापना, आधारभूत तहको तलब भत्ता र प्रशासनिक खर्च, माध्यमिक तहको तलब भत्ता र प्रशासनिक खर्च,विद्यालय क्षेत्र विकास कार्यक्रम नगद, विद्यालय क्षेत्र विकास कार्यक्रम सोध भर्ना,विद्यालय क्षेत्र विकास कार्यक्रम सोध भर्ना ऋृण समेतका लागि रु. ५,११,८३,०००।- बजेटको व्यवस्था गरेकोछु । त्यस्तै स्वास्थ्य शाखा तर्फको विभिन्न कार्यक्रमहरुमा रकम प्राप्त हुन आएकामा रु.१,११,५५,०००।- बजेटको व्यवस्था गरेकोछु । सामाजिक सुरक्षा अन्तर्गत संघीय सरकारबाट अनुदान प्राप्त रु १,५३,३८,४०० बजेट व्यवस्था गरेको छु ।

संक्षेपमा गाउँपालिका तर्फको चालू रु. २,७२,२०,४४५।-, विषयगत शाखा तर्फको चालू रु. ६,५१,५३,०००।-। सामाजिक सुरक्षा १,५३,३८,४०० गरी कुल चालु १०,७७,११,८४५।- विनियोजन गरिएको छ ।

साथै गाउँ पालिकाको पूँजीगत तर्फ ५,४०,९२,४१५।-, वडा समिति तर्फ २,७०,००,०००।-,विषयगत शाखा तर्फ रु. ८२,२५,७५०।- र कार्यालय व्यवस्थापन ४८,७०,०००। गरी कुल ९,४१,४८,९०२।- बजेट विनियोजन गरिएकोछ ।

आम्दानी प्रक्षेपण

| कस | आम्दानीको स्रोत | रकम | कैफियत |
|---|---|---|---|
| | सङ्घीय सरकार (नेपाल सरकार) | १८,०८,५५,००० | |
| | क) वित्तिय अनुदान | ११,५७,०२,००० | |
| | ख) सर्शत अनुदान | ६,५१,५३,००० | |
| २ | अनुमानित आन्तिरिक स्रोत | ६,५०,५०० | |
| ३ | स्रोत बाँडफाँड बाट | ५०,००० | |
| ४ | गत आ.व.को अल्या | ४९,६६,८४७ | |
| ५ | सामाजिक सुरक्षा अनुदान | १,५३,३८,४०० | |
| | जम्मा | २०,१८,६०,७४७ | |

खर्च तर्फको प्रक्षेपण

| कस | खर्चको क्षेत्र | चालु | पूजीँगत | जम्मा |
|---|---|---|---|---|
| १ | गाँउपालिका | २,२३,३१,०४५ | ५,८९,२३,१५२ | |
| २ | वडा | ४८,८९,४०० | २,७०,००,००० | |
| ३ | विषयगत | ६,५१,५३,००० | ८२,२५,७५० | |
| ४ | सामाजिक सुरक्षा अनुदान | १,५३,३८,४०० | | |
| | जम्मा | १०,७७,११,८४५ | ९,४१,४८,९०२ | २०,१८,६०,७४७ |

## गाँउपालिका स्तरबाट कार्यान्वयन हुने प्रस्तावित योजना तथा कार्यकमहरु

कृषि तर्फ

| क स | शिर्षक | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | प्रधानमन्त्री कृषि आधुनिकीकरण | १०,००,००० | |
| २ | कृषि प्रसार कार्यक्रम | १९,९१,००० | |
| ३ | आलु, तरकारी तथा मसला विकास कार्यकम | ४,०८,००० | |
| ४ | विषेश कृषि उत्पादन कार्यकम | ९५,००० | |
| | जम्मा | ३५,००,००० | |

पशुतर्फ

| क स | शिर्षक | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | पशुसेवा प्रसार कार्यक्रम | १०,६३,२५० | |
| २ | पशु विकास सेवा कार्यक्रम | १,००,००० | |
| ३ | पशु आहारा सेवा कार्यक्रम | ७,३७,५०० | |
| ४ | पशु स्वास्थ्य, रोग अन्वेषण सेवा तथा क्वारेन्टाइन कार्यक्रम | ३०,०००। | |
| ५ | कृतिम गर्भाभारण कार्यक्रम | ५,२५,००० | |
| | जम्मा | २४,२५,७५० | |

शिक्षा तर्फ

| कम सं | शिर्षक | विनियोजित रकम रुपैयामा | कैफियत |
|---|---|---|---|
| १ | आधारभुत तथा माध्यमिक विद्यालयमा नेट जडान तथा अन्य अनुदान | ३,५०,०००। | |
| २ | नारायणी मावि विद्यालय भवन अनुदान | १०,००,०००। | |
| ३ | गाँउपालिका स्तरीय अतिरिक्त कियाकलाप सञ्चालन | २,५०,०००।०० | |
| | | १६,००,०००। | |

खेलकुद तर्फ

| कम सं | शिर्षक | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | गाँउपालिका स्तरीय खेल मैदान | १५,००,०००।०० | |
| २ | खेलकुद | ८,००,०००।०० | |
| | | २३,००,०००। | |

विज्ञान तथा प्रविधितर्फ

| कम सं | शिर्षक | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | वडा तथा अन्य विषयगत संस्थाहरुमा नेट जडान | ३,५०,०००।०० | |
| २ | पाश्व चित्र निमार्ण | ५,००,०००।०० | |
| | | ८,५०,०००। | |

स्वास्थ्य तथा जनसंख्या क्षेत्रतर्फ

| कम सं | शिर्षक | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | औषधी तथा अन्य स्वास्थ्य सामाग्री खरीद | १०,००,०००।०० | |
| २ | एम्बुलेन्स खरीद | ३०,००,०००।०० | |
| | | ४०,००,०००। | |

लैंगिक समानता तथा लक्षित वर्ग तर्फ

| क्रम सं | शिर्षक | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | महिला तथा बालबालिका लक्षित कार्यक्रम | ५,००,०००।०० | |
| २ | सिपमूलक तालिम | २५,००,०००।०० | |
| ३ | अजम्वरी आमा समुह भवन निमार्ण | ५,००,०००।०० | |
| | | ३५,००,०००।०० | |

खानेपानी तर्फ

| क्रम सं | शिर्षक | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | लाली खानेपानी आयोजना | १३,००,०००।०० | |
| २ | तिनमोल पाखिन साँघुटार खानेपानी आयोजना साँघु | २,००,०००।०० | |
| | | १५,००,०००।०० | |

सडक तथा भौतिक निर्माण तर्फ

| क्रम सं | शिर्षक | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | कैजाले देखि खोलाखेत सम्मको सडक | १८,००,०००।०० | |
| २ | भुसुने देखि मानेडाँडा सम्मको सडक | २५,००,०००।०० | |
| ३ | खार्ते देखि प्रा.स्वा.के. सम्मको सडक | २०,००,०००।०० | |
| ४ | प्रा.स्वा.के देखि पर्शुराम थोप्राको घर सम्मको सडक | १०,००,०००।०० | |
| ५ | देवी खोला देखि फाकुम्वा महेन्द्रमावि सम्मको सडक स्तरोन्नति | २५,००,०००।०० | |
| ६ | मानेडाडाँ देखि माङमय लाली सम्मको सडक | २५,००,०००।०० | |
| ७ | याङदेली नेरा हुदैं खार्ते सम्मको सडक | ३०,००,०००।०० | |
| ८ | खाम्साङ ओदक हुँदै सिम्फु खोला सम्मको सडक | ३०,००,०००।०० | |
| ९ | सिम्फु खोला, काम्साङ हुँदै चिम्फाक थुकिया खोला सम्मको सडक | ३०,००,०००।०० | |
| १० | लोकत्रान्त्रिक प्रावि देखि रानीवन प्रावि हुदैं साम्तोङ सम्मको सडक | ३०,००,०००।०० | |
| ११ | तेम्वे तेल्लाबुङ्ग हुदैं दोभान जाने सडक स्तरोन्नति | ५,००,०००।०० | |
| १२ | विभिन्न स्थानमा सडक मर्मत | २०,००,०००।०० | |
| १३ | गाँउपालिकाको सामुदायिक भवन माथि तला थप | २०,००,०००।०० | |
| १४ | म्याचिङ फण्ड | १५,००,०००।०० | |
| १५ | ह्युम पाइप तथा ग्याभिङ जाली खरिद | २५,००,०००।०० | |
| १६ | मर्मत सम्भार कोष | ५,००,०००।०० | |
| १७ | गाँउपालिका भवन ठेस गाह्रो निमार्ण | ८,५३,१५२।०० | |
| | | ३,४१,५३,१५२ | |

विद्युत तर्फ

| क.स | शिषर्क | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | विद्युत सर्वे | ४,५०,०००।०० | |
| २ | केन्द्रीय प्रशारण लाइन जडानमा लागत सहभागिता | ५०,००,०००।०० | |
| | | ५४,५०,०००।०० | |

वातावरण तथा वन तर्फ

| क.स | शिषर्क | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | आर्थिक रुपले महत्वपुर्ण बिरुवाको नर्सरी स्थापना | १,००,०००।०० | |
| २ | जडीबुट्टीको बीउ वितरण तथा नमुना जडीबुटी खेती प्रदर्शन | २,००,०००।०० | |
| ३ | भू क्षय नियन्त्रण | १५,००,०००।०० | |
| | | १८,००,०००।०० | |

पर्यटन सम्बन्धी

| क.स | शिषर्क | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | उर्गेन छ्योलिङ गुम्बा | १,५०,०००।०० | |
| २ | दोर्ची छ्योलिङ गुम्बा | १,५०,०००।०० | |
| ३ | ङ्यारनुर छ्योलिङ गुम्बा | २,००,०००।०० | |
| ४ | साँगा दिकी | १,००,०००।०० | |
| ५ | किँरातेश्वर | १,००,०००।०० | |
| | जम्मा | ७,००,०००।०० | |

विपद् तर्फ

| क.स | शिषर्क | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | विपद् कोष | ५,००,०००।०० | |
| | | ५,००,०००।०० | |

कार्यालय व्यवस्थापन तर्फ

| क.स | शिषर्क | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | फनिचर्स | ८,०४,०००।०० | |
| २ | मेसिनरी औजार | २१,४०,६००।०० | |
| ३ | सर्वे सामाग्री खरीद | १४,७५,४००।०० | |
| ४ | मोटरसाइकल खरीद | ४,८०,०००।०० | |
| | | ४८,७०,०००।०० | |

## वडा समितिबाट प्रस्तावित भई आएका योजना तथा कार्यक्रमहरु

मैवाखोला गाँउपालिका व डा नं. १

पुर्वाधार तर्फका योजनाहरु रु

| क स | विवरण | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | डाँडा गाँउ खानेपानी मर्मत | १,००,००० | |
| २ | गैरी गाँउ खानेपानी मर्मत | २,००,००० | |
| ३ | सामुदायिक स्वास्थ्य एकाई फर्निचर खरिद | १,२५,००० | |
| ४ | बाघधारा देखि खानी टोल मोटरबाटो | २,५०,००० | |
| ५ | सामुदायिक भवन घेरावार निर्माण तथा व्यवस्थापन | ५,००,००० | |
| ६ | पिपल चोक देखि मेहेलटार मोटरबाटो निर्माण | ३,००,००० | |
| ७ | सशस्त्र प्रहरी फर्निचर व्यवस्थापन | २,००,००० | |
| ८ | बाघधारा मुहान संरक्षण | १,२०,००० | |
| ९ | सेलवा तेल्लाबुङ सडक स्तरउन्नती | ५,००,००० | |
| १० | खानीटोल मानेडाँडा कृषि सडक निर्माण | ४,५०,००० | |
| ११ | तिरतिरे खोलाखेत सडक निर्माण | ३,००,००० | |
| १२ | ववुधारा खानेपानी मर्मत विस्तार | १,३०,००० | |
| १३ | फट्याङ्ग्रे खानेपानी मर्मत पाइप वितरण | ५५,००० | |
| १४ | माछापोखरी खानोपानी मर्मत | १,४०,००० | |
| १५ | कन्टिजेन्सी | ९०,००० | |
| १६ | खेलकुद | ७५,००० | |
| १७ | पूर्ण खोपमुक्त वडा कार्यक्रम | ५०,००० | |
| १८ | वडा कार्यालय व्यवस्थापन | १,००,००० | |
| | जम्मा | ३६,८५,००० | |

महिला लक्षित कार्यक्रम

| कस | विवरण | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | महिला सामुदायिक भवन पाटेसन | २,५०,००० | |
| २ | महिला स्वयं सेविका प्रोत्साहन | १५,००० | |
| | | २,६५,००० | |

बालवालिका लक्षित कार्यक्रम

| क्रस | विवरण | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | सिंह प्रावि मेहेलटार फर्निचर खरिद | ५०,००० | |
| २ | साग्फारा प्रावि साग्फारा फर्निचर खरिद | ४५,००० | |
| ३ | सरस्वती निमावि फर्निचर निर्माण | १,००,००० | |
| ४ | जनकल्याण मावि तेल्लाबुङ फर्निचर खरिद | १,००,००० | |
| | | २,९५,००० | |

आदिवासी जनजाती दलित जेष्ठ अपाङ्ग असहाय लक्षित कार्यकम

| कस | विवरण | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | जेष्ठ नागरिक सम्मान कार्यकम | २०,००० | |
| २ | दलित कार्यकम सोलार वितरण | २,००,००० | |
| ३ | अपाङ्ग राहत वितरण | ३५,००० | |
| | जम्मा | २,५५,००० | |

मैवाखोला गाँउपालिका वडा नं. २

पुर्वाधार तर्फका योजनाहरु रु

| कस | विवरण | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | प्रहरी चौकी तेम्बेमा शौचालय वाथरुम निर्माण | २,००,००० | |
| २ | हाङथाना कुलो मर्मत | १,००,००० | |
| ३ | तेम्बे स्कुलबाट pHc जाने बाटो | १,००,००० | |
| ४ | हात्तिखावा कृषि सडक | १,००,००० | |
| ५ | सिकारीटार कृषि सडक | १,००,००० | |
| ६ | वास्थला भुसुने मुडे कागते लाली सडक निर्माण | ९,५०,००० | |
| ७ | कोकसाली कृषि सडक | १,५०,००० | |
| ८ | रमिते कृषि सडक | २,००,००० | |
| ९ | मैवाखोला मावि प्राविधिक शिक्षा | २,००,००० | |
| १० | तेम्बे तेल्लावुङ कृषि सडक स्तरउन्नती | ५,००,००० | |
| ११ | लेकुवा लाली कृषि सडक स्तर उन्नती | २,५०,००० | |
| १२ | खेलकुद | १,१०,५०० | |
| १२ | कन्टिजेन्सी | १,३५,००० | |
| १३ | पूर्ण खोपमुक्त वार्ड कार्यक्रम | ५०,००० | |
| १४ | वडा कार्यालय व्यवस्थापन | ८२,५०० | |
| | जम्मा | ३२,२८,००० | |

महिला लक्षित कार्यकम

| कस | विवरण | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | महिला सिपमुलक कार्यकम सञ्चालन | २,२५,००० | |
| २ | | | |
| | | २,२५,००० | |

बालबालिका लक्षित कार्यकम

| कस | विवरण | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | ठोट्ने आधारभुत विद्यालय घेरावारा | २,५०,००० | |

| | | | |
|---|---|---|---|
| २ | बाल क्लब | २०,००० | |
| ३ | बाल शिक्षा सुदृढिकरण | ४०,००० | |
| ४ | मैवाखोला मावि घेरावारा | १,००,००० | |
| ५ | मूलपानी प्रावि | १,००,००० | |
| ६ | प्रोजेक्टर तथा ल्यापटप अनुदान | ३,१२,००० | |
| | जम्मा | ८,२२,००० | |

आदिबासी जनजाती दलित जेष्ठ अपाङ्ग असहाय लक्षित कार्यकम

| कम | विवरण | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | जेष्ठ नागरिक सम्मान कार्यकम | ५०,००० | |
| २ | दलित कार्यकम | ५०,००० | |
| ३ | अपाङ्ग राहत वितरण | ३५,००० | |
| ४ | जनजाती साँस्कृतिक प्रवर्द्धन कार्यकम | ९०,००० | |
| | जम्मा | २,२५,००० | |

मैवाखोला गाँउपालिका वडा नं. ३

पुर्वाधार तर्फका योजनाहरु रु

| क स | विवरण | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | बादे सिँचाई कुलो मर्मत | १,५०,००० | |
| २ | सिस्ने खानेपानी योजना | ३,००,००० | |
| ३ | खेलकुद सन्चालन (जलजले क्लव अनुदान) | २,५०,००० | |
| ४ | खेलकुद सहयोग | ५०,००० | |
| ५ | हिटी माङहिम शौचालय निमार्ण | १,५०,००० | |
| ६ | किरातेश्वर मन्दिर व्यवस्थापन | २,००,००० | |
| ७ | तालखर्क, वाडेलाम दाविलेटार सडक निर्माण | ५,५०,००० | |
| ८ | पाङमा खुरखुरे ताम्राङ नेरुवा खोला जोड्ने सडक निमार्ण | ५,००,००० | |
| ९ | चल्ले तुम्बे गैरी गाँउ पाङमा आशिकेटार सडक निर्माण | ५,००,००० | |
| १० | डिलिप बाटो देखि नारायणी मावि जाने बाटो निर्माण | २,००,००० | |
| ११ | ओखे पुल निर्माण (स्लेप पुल) | २,००,००० | |
| १२ | मैवाखोला ३ सिरुडाँडा हेलीप्याड तथा पार्क निर्माण | ४,०७,७०० | |
| १२ | साँघु स्वास्थ्इ चौकी बाटो तथा बगैंचा निर्माण | १,९०,००० | |
| १३ | कन्टिजेन्सी | १,३५,००० | |
| | | | |
| १३ | जम्मा | ३७,८२,७०० | |

कुमार श्रेष्ठ
अध्यक्ष

महिला लक्षित कार्यक्रम

| कस | विवरण | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | महिला सिपमुलक कार्यक्रम सञ्चालन | २,०१,८०० | |
| | | २,०१,८०० | |

बालबालिका लक्षित कार्यक्रम

| कस | विवरण | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | सरस्वती प्रावि तुम्वे | ३५,००० | |
| २ | मानेडाँडा आवि | ३५,००० | |
| ३ | नारायणी मावि साँघु | ७७,४०० | |
| | जम्मा | १,४७,४०० | |

आदिबासी जनजाती दलित जेष्ठ अपाङ्ग असहाय लक्षित कार्यक्रम

| कस | विवरण | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | ८८,२०० | |
| २ | दलित कार्यक्रम | ७०,००० | |
| ३ | अपाङ्ग राहत वितरण | १,१९,९०० | |
| ४ | जनजाती साँस्कृतिक प्रवर्द्धन कार्यक्रम | ९०,००० | |
| | जम्मा | ३,६८,१०० | |

मैवाखोला गाँउपालिका वडा नं. ४

पुर्वाधार तर्फका योजनाहरु रु

| कस | विवरण | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | नयाँबन कुलो मर्मत | २,५०,००० | |
| २ | सौरेनी सडक मर्मत | २,००,००० | |
| ३ | खेलकुद | १,००,००० | |
| ४ | मजुवा ताम्राङ एकबाँसे घिमिरे गाँउ सडक मर्मत | ८,००,००० | |
| ५ | कागते खोला काठेपुल निर्माण | १,००,००० | |
| ६ | गेम्बुटोल सामुदायिक भवन निर्माण | १,५०,००० | |
| ७ | रिफैले सामुदायिक भवन निर्माण | २,००,००० | |
| ८ | मालिंगेनी खेलकुद मैदान | ५०,००० | |
| ९ | चाँदनी छाँगो जाने बाटो निर्माण तथा व्यवस्थापन | १,१५,००० | |
| १० | नवज्योति आ वि भवन निर्माण | ४,००,००० | |
| ११ | गंगा नि मा वि ठेस गारो निर्माण | ४,००,००० | |
| १२ | मालिगेंनी आ वि खेलमैदान निर्माण | १,००,००० | |
| १२ | मंगलादेवि खेलमैदान निर्माण | २,५०,००० | |
| १३ | कन्टिजेन्सी | १,३५,००० | |
| १४ | सौरेनि आधारभुत वि भवन निर्माण | ४,५०,००० | |

८) नयाँ वडाहरु जस्तै १, ४ र ६ नं वडाहरुमा नयाँ स्वास्थ्य चौकी स्थापना गर्न यसै वर्ष जग्गा प्राप्ति गरी स्वास्थ्य चौकी माग गर्न विशेष पहल गरिनेछ ।

९) स्वास्थ्य क्षेत्रमा लगानी गर्न चाहने नीजि क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

१०) साँघु स्वास्थ्य चौकी भवन निमार्णको लागि आवश्यक पहल गरिनेछ ।

**लैंगिक समानता र सामाजिक समावेसीकरण सम्बन्धी नीतिः**

१) महिला, युवा, अपाङ्ग तथा बाल अधिकारको सुनिश्चिताका लागि सरकारी, गैर सरकारी र निजी क्षेत्रका सबै सरोकारवालासँग सहकार्य गरिनेछ ।

२) लक्षित वर्गहरुको क्षमता विकासको लागि आवश्यक कार्यक्रम तथा योजना बनाई कार्यान्वयन गरिनेछ ।

३) सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्रहीहरुको नयाँ नाम दर्ता, लगत कट्टा, परिचय पत्र वितरण र समयमै सामाजिक सुरक्षा भत्ता वितरण गरिनेछ ।

४) सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नयाँ नाम दर्ता, लगत कट्टा, परिचय पत्र वितरण अनलाइन मार्फत गरी सबै वडा कार्यालयले गाँउपालिकामा पेश गर्न लगाईनेछ ।

५) सामाजिक सुरक्षा वितरण गर्दा आर्थिक पारदशितालाई अनिवार्य चुस्त दुरुस्त गरिनेछ ।

६) आपत्कालीन महिला र बालबालिका उद्धार कोषको स्थापना गरिनेछ ।

७) महिला तथा बालबालिकामाथि हुने विभिन्न प्रकारको घरेलु हिंसाको निवारण गरिनेछ । श्रम शोषण र वाल विवाहलाई पूर्ण रुपमा निरुत्साहित गर्दै साविकमा सञ्चालित वालमैत्री सुशासनको अवधारणालाई कार्यान्वयन गर्ने कार्यलाई थप कार्यक्रम तर्जमा गरी कार्यन्वयन गरिनेछ ।

८) महिला तथा वालबालिकाको लागि आर्थिक, समाजिक लगायत अन्य शसक्तिकरण र क्षमता विकासका कामहरु गरिनेछ ।

९) अपाङ्गता तथा फरक क्षमता भएका व्यक्तिहरुलाई लक्षित गरी सार्वजनिक सरोकार रहने भौतिक संरचनाहरुको निर्माण गर्दा अपाङ्गमैत्री संरचना निर्माणका लागि गाउँपालिकाबाट आवश्यक कार्यक्रम तर्जूमा गरी कार्यान्वयन गरिनेछ ।

१०) सुकुम्बासी समस्या बारे थप अध्ययन गरी समस्यासमाधान गर्न पहल गरिनेछ ।

११) सामाजिक समावेशीताको नीतिलाई आत्मसात गर्दै लक्षित क्षेत्रमा वडास्तर बाटै कार्यक्रम बनाउन देहाय बमोजिम कुल पूँजीगत बजेटबाट अनिवार्य विनियोजन गर्ने नीति लिइएकोछ । गाउँपालिका आफैंले संचालन गर्ने आयोजना अन्तर्गत पूर्वाधारजन्य आयोजनाहरुलाई बढि सम्वोधन गर्नु पर्ने भएकोले आगामि आ.व. बाट गाउँपालिका स्तरिय लक्षीत कार्यक्रम समावेश गरिने निति लिइएकोछ ।